**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २० दिसम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगालको सिलगुडीस्थित रानीडांगामा सशस्त्र सीमा बलको 61 औं स्थापना दिवस कार्यक्रममा गृह तथा सहकारी मन्त्री श्री अमित शाह मुख्य अतिथिको रूपमा उपस्थित हुनु भयो|

२. पश्चिम बंगालको शिक्षक नियुक्ति घोटालामा प्रवर्तन निदेशालले पूर्व शिक्षा मन्त्री पार्थ च्यटर्जी विरुद्ध पाँचौं अतिरिक्त चार्जशीट दर्ता गरेको छ।

३. 'सिक्किम सरकार अनि सिक्किमवासीलाई म वचन दिन्छु, जबसम्म म सरकारमा छु कुनै दिन पनि बन्द हुने दिने छुइन भनी जिटीए प्रमुख अनित थापाले बताउनु भएको छ|

४. दार्जीलिङ मेलो टी फेस्ट दोस्रो संस्करणको दोस्रो दिन आज विभिन्न कार्यक्रमसितै सर्ट फिल्म फेस्टिबलको आयोजना गरिएको छ|

५. पश्चिम बंगालको राजधानी कोलकातासहित अन्य जिल्लाहरूमा आगामी 24 घण्टाभित्रमा मौसम सफा रहने सम्भावना छ।

**गृहमन्त्री अमित शाह**

केन्द्रिय गृहमन्त्री अमित शाहले पश्चिम बंगालको रानीडांगामा सिलगढ़ी फ्रन्टियर मुख्यालयमा आयोजित सशस्त्र सीमा बल (एसएसबी) को 61औं स्थापना दिवस समारोहमा मुख्य अतिथिको रुपमा भाग लिनु भयो। यस अवसरमा उहाँले एसएसबीका कार्यहरूको सराहना गर्नु हुँदै भयो, यो बलले नेपाल र भूटानको साथ भारतका सीमाहरूलाई सुरक्षित राख्नमा अहम भूमिका निभाइरहेको छ। एसएसबीले न केवल सीमाहरूको सुरक्षा गरेको छ तर बिहार, झारखण्ड र छत्तीसगढ़ जस्ता राज्यहरूमा नक्सलवादको खतराहरूलाई पनि कमजोर गरेको छ। भारतका 2450 किलोमीटरको अन्तरराष्ट्रिय सीमाको सुरक्षा सशस्त्र सीमा बलद्वारा गरिन्छ। यी जवानहरूको उपस्थितिको कारण कुनै चिन्ता छैन।
केन्द्रिय गृहमन्त्रीले भन्नु भयो, सिलगढ़ी कोरिडोर र पूर्वोत्तर क्षेत्रमा एसएसबीको सतर्कताले मानिसहरूमा सुरक्षाको भावना मजबुत भएको छ। उहाँले बलको नक्सलवाद विरोधी अभियानहरूको सराहना गर्नु हुँदै भन्नु भयो, एसएसबीले अन्य सुरक्षा एजेन्सीहरू र स्थानीय पुलिसको साथ मिलेर छत्तीसगढ़मा नक्सलवादलाई कमजोर गर्नमा ठूलो सफलता हासिल गरेको छ। सीमा क्षेत्रहरूमा राष्ट्र विरोधी गतिविधिहरूमा अंकुश लगाएर यस्ता मामिलाहरूलाई कानून प्रवर्तन एजेन्सीहरूलाई सुम्पियोस्। उहाँले यसलाई राष्ट्रिय सुरक्षाप्रति प्रतिबद्धताको दिन बताउनु हुँदै भन्नु भयो, एसएसबीले अवैध गतिविधिहरूलाई रोक्ने र राष्ट्रिय हितहरूलाई प्राथमिकता दिने अनुकरणीय काम गरेको छ।
श्री शाहले एसएसबीको उक्त पहलको पनि सराहना गर्नु भयो जसमा सीमावर्ती गाउँहरूका संस्कृति, भाषा र विरासतलाई देशको मुख्यधारासित जोड़िएको छ। यो प्रयास सीमावर्ती समुदायहरू र राष्ट्रबीच गहिरो सम्बन्धहरूलाई मजबुत बनाउँदछ, उहाँले भन्नु भयो।

****** ० ******

**सिक्किमको मुख्यमन्त्री - अमित शाह**

केन्द्रिय गृह एवं सहकारिता मन्त्री अमित शाह र उहाँकी धर्मपत्नी सोनल शाहलाई सिक्किमको मुख्यमन्त्री प्रेमसिंह तामाङले आज बिहान सिलगढ़ीमा स्वागत जनाउनु भएको थियो।मुख्यमन्त्री तामाङले आफ्नो आधिकारिक फेसबुक पेजको पोस्टमा भन्नु

भएको छ, 'भारतका माननीय गृहमन्त्री श्री अमित शाह जी र महोदया सोनल शाह जीलाई आज बिहानै सिलगढीको भ्रमणको क्रममा स्वागत गर्न पाउनु सम्मानको कुरा थियो।'मुख्यमन्त्री तामाङले केन्द्रिय मन्त्रीसँगको अन्तरक्रिया न्यानो र अविस्मरणीय रहेको र यस क्रममा आफुले उनीहरूको स्वास्थ्यको बारेमा सोधपुछ गर्ने मौका पाएको बताउनु भएको छ। उहाँले बैठकमा सौहार्दता, न्यानोपन र पारस्परिक सम्मानको भावना झल्किएको थियो, जसले यस अवसरलाई वास्तवमै विशेष बनाएको जनाउनु भएको छ। मुख्यमन्त्रीले कामना गर्नु हुँदै भन्नुभयो, 'हाम्रो क्षेत्रमा उहाँहरुको प्रवास सुखद रहोस्।'उल्लेखनीय छ, केन्द्रिय गृहमन्त्री अमित शाहले आज सिलगढ़ीको रानीडाङ्गास्थित सशस्त्र सीमा बलको स्थापना दिवस समारोहमा भाग लिनु भएको थियो।

****** ० ******

**गृहमन्त्री – भाजपा दार्जीलिङ जिल्ला**

सिलगढीमा एसएसबीका विशेष कार्यक्रममा आउनु भएको गृहमन्त्री अमित शाहले भाजपा, दार्जीलिङ जिल्ला समितिलाई सांसद राजु विष्टको उपस्थितिमा सिलगढीमा केही क्षण भेटवार्ता गर्नुभयो।यस क्रममा गृहमन्त्रीले भन्नुभयो- तपाईंहरुका समस्या प्रि सरकार अवगत छ,गम्भीर छ। चिन्ता नगर्नुहोस्। भाजपा सरकार तपाईंहरुका पक्षमा सधैं छ। तपाईंहरुका समस्या बिषयमा वार्ता चाँडै डाकिनेछ। यहाँको प्रतिनिधि सांसद राजु विष्टले मलाई बारम्बार यसबारे भन्ने गर्छन्। तपाईंहरुलाई दिल्लीमा निम्त्याउनेछु। आउनुहोस्, उहाँले भन्नुभयो। प्रतिनिधि मण्डलीमा जिल्ला भाजपा अध्यक्ष कल्याण देवान, वरिष्ठ उपाध्यक्ष एलएम लामा र महासचिव सुजेन्द्र राई उपस्थित थिए।

****** ० ******

**पूर्व शिक्षा मन्त्री पार्थ च्यटर्जी**

पश्चिम बंगालको शिक्षक नियुक्ति घोटालामा प्रवर्तन निदेशालय (ईडी)-ले नयाँ खुलासा गर्दै बताएको छ, पूर्व शिक्षा मन्त्री पार्थ च्यटर्जी र उनका ज्वाईँकल्याणमय भट्टचार्यले 'डोनेशन'-को नामले कालो धनलाई सेतो बनाउने संगठित उपाय अप्नाए। यस सम्बन्धमा ईडीले अदालतमा पाँचौं अतिरिक्त चार्जशीट दर्ता गरेको छ जसमा पार्थ र उनको परिवारको संलिप्तताको उल्लेख गरिएको छ।ईडी अनुसार पार्थ च्यटर्जीकी पत्नीको नाममा बनाइएको बबली च्यटर्जी मेमोरियल ट्रस्टलाई भ्रष्टाचारको मुख्य माध्यम बनाइयो। पार्थ च्यटर्जीले विभिन्न मानिसहरूलाई नगद रुपियाँ दिएर ट्रस्टको लागि डोनेशनको रूपमा फिर्ता लिए। ट्रस्टलाई ठूलो रकम चेकको माध्यमबाट डोनेशनको रूपमा प्राप्त भयो, तर ईडीको जाँचमा पाइयो, उनीहरूले यो पैसा पहिला नगदको रूपमा पार्थ च्यटर्जीबाट लिइएको थियो।कल्याणम भट्टचार्य जो ट्रस्टका एकजना ट्रस्टी थिए,- ले ईडी समक्ष स्वीकार गरे, ट्रस्टको लागि 1.17 करोड़ रुपियाँ डोनेशन जुटाएका थिए। यस पैसाबाट वर्ष 2019-मा 15 कट्ठा जमीन खरिद गरियो। यस अतिरिक्त वर्ष 2017-मा कल्याणमयले पार्थको भनाइमा एक कम्पनी बोटानिक्स एग्रो प्राइभेट लिमिटेड बनाए जसको प्रयोग नगद राशिलाई वैध देखाउनको लागि गरियो।ईडीले यो पनि दाबी गऱ्यो, पार्थले आफ्ना ज्वाईँलाई 15 करोड़ रुपियाँ दिए जसबाट उनले एउटा स्कूल बीसीएम इन्टरनेशनलको स्थापना गरे। जाँचमा पाइयो, पार्थ र उनको परिवारले धनलाई लुकाउनको लागि जाली कम्पनीहरू बनाए अनि त्यसलाई संचालन गरे।

****** ० ******

**अनित थापा**

हाम्रो पार्टीको केन्द्रिय अध्यक्ष अजय एडवर्ड्सको सिक्किम विरुद्धको बयानमाथि जीटीए प्रमुख कार्यपाल अनित थापाले प्रतिक्रिया दिनु भएको छ। उहाँले भन्नु भयो, 'सिक्किम सरकार अनि सिक्किमवासीलाई म वचन दिन्छु, जबसम्म म सरकारमा छु कुनै दिन पनि बन्द हुने दिने छुइन। मैले पनि अजय एडवर्ड्सको बयान मिडिया मार्फत नै देखें। श्री अनित थापाले भन्नु भयो, 'अजय एडवर्ड्सले सिक्किममाथि जुन बयान दिए हॉस्यास्पद बयान हो। नेता भएर सोचेर बोल्नु पर्छ। हाम्रो राजनीति अनि राजनीतिक बयानले सिक्किम अनि दार्जिलिङ पहाडको कसैलाई पनि दुख्नु हुँदैन। हामीले बिना सोचेर दिएको राजनीतिक बयानले सिक्किम अनि दार्जिलिङ पहाड माझको मित्रतामा धक्का पुग्नु सक्छ।' गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाले अघि भन्नु भयो, 'आपदा हुँदा हामीले भन्ने ठाउँ राज्य अनि केन्द्र सरकार हो, जुन कुरा हामीले गऱ्यो। गत समयको आपदाले दार्जिलिङ पहाडलाई भन्दा पनि सिक्किमलाई धेरै क्षति पुऱ्याएको छ।

सिक्किम अनि दार्जिलिङमाझ रगतको साइनो छ। पहाडको आन्दोलन समय सिक्किमवासीले धेरै दुःख खप्नु पऱ्यो। प्राकृतिक आपदा सरकारले ल्याउँदैन। गत समय भएको आपदा सिक्किमले ल्याएको भन्नु मिल्दैन। आफ्नो राजनीतिक फाइदाको निम्ति अरूको ठूलो क्षति गर्नु हुँदैन।'

****** ० ******

**मेलो टी फेस्ट दोस्रो दिन**

दार्जिलिङ पुलिस तथा जीटीए पर्यटन विभागद्वारा आयोजित चार दिनव्यापी चल्ने दार्जीलिङ मेलो टी फेस्ट दोस्रो संस्करणको दोस्रो दिन आज विभिन्न कार्यक्रमहरुका गरियो। जस अन्तरगत आज स्थानीय गोर्खा रंगमञ्च भवनमा सर्ट फिल्म फेस्टिबलको आयोजना गरिएको थियो जसमा स्थानीय लगायत भारतको विभिन्न स्थानसगै, नेपाल,भुटान अनि रसीयाको साठीभन्दा अधिक फिल्महरुले प्रतियोगीतात्मक रूपमा भाग लिएका थिए जसमा प्रथम दोस्रो तथा तेस्रो हुनेलाई ईडिटिङ बेस्ट क्यामारा अनि बेस्ट डिरेक्सनलाई पनि नगद पारितोषिक दिइने आयोजक समितिको पक्षबाट बिक्रम राईले बताउनु भएको छ| निर्णायकहरुमा बिबेक राई ,मिङमा ,डाक्टर युगल छिरिङ लामा योम्लो, डा स्मृति राई ,कोमल गुरुङ अनि बिक्रम राई रहेका थिए|

****** ० ******

**धोत्रे फरेष्ट भिलेज**

ग्रामीण भेगलाई पर्यटन क्षेत्रमा प्रोत्साहन गराउने मुख्य उद्देश्यको साथमा पर्यटन विभाग जीटिए र दार्जीलिङ्ग पुलिसको सयुंक्त आयोजनामा आयोजित मेलो टी फेस्टको उपलक्ष्यमा दार्जिलिङको सुदुरवर्ती रिम्बिक लोधोमा समष्टिको धोत्रे फरेष्ट भिलेजमा क्लीनेस्ट टुरिज्म भिलेजको उपाधी प्रदान गरिएको छ। यसै अन्तरगत आज धोत्रेमा विविध कार्यक्रम सप्पन्न गरियो। कार्यक्रममा गोर्खा जातिको खानपीनसँगै विविध सास्कृतिक झलकहरुसगै परम्परा समेत राखिएको थियो भने जातिय भेषभुषा प्रदर्शन कार्यक्रमको आकर्षण केन्द्रबिन्दु रहेको थियो।

****** ० ******

**पश्चिम बंगाल - मौसम**

पश्चिम बंगालको राजधानी कोलकातासहित अन्य जिल्लाहरूमा आगामी 24 घण्टाभित्रमा मौसम सफा रहने सम्भावना छ। आकाश आंशिक रूपमा बादलले ढाक्नेछ, तर वर्षा हुने सम्भावना छैन। मौसम विभागले आज बताए अनुसार कोलकातामा अधिकतम तापमान 26.2 डिग्री सेल्सियस अनि न्यूनतम तापमान 15.9 डिग्री सेल्सियस रहने सम्भावना छ। बिहान 95 प्रतिशतसम्म नमी दर्ता गरिएको छ भने अपरान्ह यो घटेर 42 प्रतिशतसम्म पुग्नसक्छ।

****** ० ******